नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.............................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

# प्रेस विज्ञप्ति

मिति २०७३/१२/०१ गतेका दिन मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा बसेको पुनर्निमाण कोष संचालन सम्बन्धी बैठकमा देहाय बमोजिमको निर्णयहरू भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

**निर्णयहरू**

१) भू-कम्पबाट प्रभाबित संरचनाको पुननिर्माण सम्बन्धी ऐन,२०७२ को दफा १५ मा ब्यबस्था भएको पुननिर्माण कोषको स्थापना एबं संचालनका बिबिध बिकल्पहरुका सम्बन्धमा छलफल भयो । यसका अलाबा अन्य थप बिकल्पहरु हुन सक्ने देखिएमा तयार गरी आगामी बैठकमा छलफल गर्ने ।

२) अर्थ मन्त्रालयले आगामी आर्थिक बर्ष २०७४/७५ को बजेट तर्जुमा गर्दा राष्ट्रिय पुननिर्माण प्राधिकरणका लागि एकिन एबं निश्चित भएका कार्यक्रमहरुका अलाबा आकष्मिक रुपमा आईपर्ने कार्यक्रमहरू कार्यकारी समितिको स्वीकृतिको आधारमा संचालन गर्ने प्रयोजनका लागि पुननिर्माण कोषको रुपमा लोचदार (Flexible) बजेट एकमुष्ट ब्यबस्था गर्ने ।

३) अर्थ मन्त्रालयले सो रकम राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट कार्यकारी समितिको स्वीकृत कार्यक्रम समाबेश भई आएमा तीन(३) दिन भित्र निकासा दिने ब्यबस्था मिलाउने ।

२०७३ चैत्र ०२ गते

..............................
दामोदर रेग्मी
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np